**लोकतन्त्र, मानवअधिकार र नागरिक सहभागिता : नेपालको वर्तमान अवस्था र भावी दिशा**

**कार्यपत्र**

आदरणीय कार्यक्रमका सभापतिज्यू,

प्रमुख अतिथि माननीय मुख्यमन्त्रीज्यू,

सम्माननीय राजनीतिक दलका प्रतिनिधिहरू,

मानबअधिकार वादी साथीहरु, पत्रकार मित्रहरू,

नागरिक समाजका अगुवाहरू,

तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा रहेको मुलुक हो । संविधान, संघीय संरचना र नियमित निर्वाचनमार्फत लोकतन्त्रको औपचारिक आधार निर्माण भए पनि व्यवहारमा यसको प्रभाव सबै नागरिकसम्म समान रूपमा पुग्न नसकेको महसुस भइरहेको छ । आज नेपाल राजनीतिक, सामाजिक र आर्थिक रूपमा गहिरो अन्योलको अवस्थाबाट गुज्रिरहेको छ, जसको मूलमा संस्थागत कमजोरी, सुशासनको अभाव, शक्ति सन्तुलनको उल्लङ्घन र नागरिक विश्वासको क्षय रहेका छन ।

२०४६ सालको जनआन्दोलनले निरंकुश व्यवस्थाको अन्त्य गर्दै बहुदलीय प्रजातन्त्र पुनःस्थापना गर्‍यो। तर त्यसपछिको सत्ता-केन्द्रित राजनीति, आन्तरिक लोकतन्त्रको कमजोरी र सामाजिक न्यायप्रतिको उदासीनताले व्यापक निराशा जन्मायो। यही पृष्ठभूमिले २०५२ सालको सशस्त्र द्वन्द्वलाई मल जल दियो, जसले हजारौँ नागरिकको ज्यान लियो र राज्य-नागरिक सम्बन्धमा गहिरो अविश्वास छोड्यो ।

२०६२/६३ को जनआन्दोलनपछि गणतन्त्र र संघीय लोकतान्त्रिक संरचना स्थापना भयो। तर संक्रमणकालीन व्यवस्थापन कमजोर रह्यो। संसद स्वयं प्रभावकारी हुन नसक्नु । पटक-पटक

सरकार परिवर्तन भइरहनु लोकतन्त्रका लागि गम्भीर क्षति सावित भयो । कम्जोर संसद र त्यस माथि पटक पटक विघटनको अवस्थाले कार्यपालिकालाई असन्तुलित शक्ति दियो र शक्ति सन्तुलनको संवैधानिक सिद्धान्त व्यवहारमै कमजोर बन्यो ।

संक्रमणकालीन न्याय पनि लोकतान्त्रिक स्थायित्वको आधार हो। तर सत्यनिरूपण तथा बेपत्ता छानबिन आयोगहरू राजनीतिक हस्तक्षेप, कानुनी अस्पष्टता र स्रोत अभावका कारण अपेक्षित रूपमा हाल सम्म प्रभावकारी हुन सकेनन्। यसले पीडितको न्यायको अधिकार र राज्यप्रतिको भरोसा कमजोर बनाएको छ ।

मानवअधिकार लोकतन्त्रको आत्मा हो । तर कारागारको अवस्था, प्रहरी हिरासत, अभिव्यक्ति स्वतन्त्रता, सुचनाको हक, न्यायमा पहुँच, प्रशासनिक अन्योल, ढीला सुस्ती, कमीशन, भ्रष्टाचार लगायत सामाजिक र कानुनी विभेदका विषयहरुको पछिल्ला वर्षहरुमा अझै गम्भीर चुनौती थपिएका छन ।

मानव अधिकारको सन्दर्भमा राष्ट्रिय मानबअधिकार आयोगको भूमिका निर्णायक हुनुपर्छ। संवैधानिक निकायका रूपमा आयोगको अनुगमन र सिफारिस अधिकार महत्वपूर्ण भए पनि यसको कार्यान्वयन पक्ष कमजोर देखिएको छ । राजनीतिक प्रभाव, सीमित स्रोत र दण्डहीनताको संस्कारले आयोगको प्रभावकारिता घटाएको छ । लोकतन्त्र मजबुत बनाउन आयोगलाई स्वतन्त्र, सक्षम र सिफारिस कार्यान्वयन सुनिश्चित हुने बनाउनु अपरिहार्य छ । कोशी प्रदेशको कुरा गर्ने हो भने आयोगले जिल्ला तथा प्रादेशिक अस्पतालको दयनियता, झुम्का तथा मोरङ कारागारमा स्वास्थ्य, सुरक्षा र मानविय व्यवहार सम्बन्धि समस्या त्यस बाट उत्पन्न झडप, मृत्यु, हत्या, लगायतको गम्भिर विषयमा प्रभावकारी सम्बोधन गर्न नसक्नु तथा गरेको सिफारिस कार्यान्वयन हुन नसक्नुले सबै क्षेत्रम व्यापक संरचनागत सुधारको आवश्यकता महसुस गराएको छ ।

महिला, दलित, आदिवासी जनजाति, सिमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा पछाडि परेका वर्गहरू अझै पनि निर्णय प्रक्रियामा पर्याप्त रूपमा समेटिन सकेका छैनन । सामाजिक न्याय र समान अवसर बिना लोकतन्त्र केवल औपचारिक अभ्यासमा सीमित रहन्छ । निर्वाचन लोकतन्त्रको आधारभूत शर्त हो, तर मात्र निर्वाचनले सम्पूर्ण समस्या समाधान हुँदैन

। राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र, पारदर्शी प्रतिनिधि चयन, योग्यता-आधारित नेतृत्व विकास र युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित नगरेसम्म लोकतान्त्रिक अभ्यास कमजोर नै रहन्छ ।

भाद्र २३/२४ को यूवा-नागरिक आन्दोलनले भ्रष्टाचार, कमिसनतन्त्र, बेरोजगारी, अवसरको असमानता र राजनीतिक जवाफदेहिताको अभावप्रति गहिरो असन्तुष्टि प्रकट गऱ्यो । यो आन्दोलन अस्वीकार मात्र होइन, सुधार र सुशासनप्रतिको आकांक्षाको अभिव्यक्ति पनि हो । तर भ्रष्टाचार, कुशासन बिरुद्दको जगमा बनेको भनिएको वर्तमान सरकारले पनि ती अपेक्षालाई सम्बोधन गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गर्न सकेको देखिँदैन ।

जेन-जी पुस्ता वर्तमान नेपालको सबैभन्दा ठूलो मतदाता समूहमा रहेको छ । डिजिटल युगमा हुर्किएको यो पुस्ता राजनीतिक चेतना, प्रश्न गर्ने साहस र अधिकारप्रति सचेतताका कारण लोकतन्त्रको नयाँ वाहक हो । २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन जेन-जी आन्दोलन र मानव अधिकारको दृष्टिले निर्णायक अवसर हो ।

जेन-जी आन्दोलन राजनीतिक सहभागिता र मताधिकार, अभिव्यक्ति तथा डिजिटल स्वतन्त्रता, समान अवसर र समावेशी प्रतिनिधित्व, तथा जवाफदेही शासनजस्ता आधारभूत मानव अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको छ । यो पुस्ता केवल मतदाता मात्र नभई नीति र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता खोजिरहेको छ ।

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन सबै वर्ग समुहको सचेत सहभागिता, मानव अधिकारमैत्री निर्वाचन प्रक्रिया र लोकतन्त्रप्रति नयाँ पुस्ताको स्वामित्व भावनालाई सुदृढ गर्ने अवसर हो । मानव अधिकारको सम्मान र सबै वर्गको सार्थक सहभागिताबिनाको निर्वाचन लोकतन्त्रको औपचारिक अभ्यासमा सीमित हुने खतरा रहन्छ ।

३३३ संघीयता, प्रदेश र स्थानीय सरकार : भूमिका, प्रभावकारिता र औचित्य

संघीयताको उद्देश्य सत्ता विकेन्द्रीकरण, सेवा प्रवाहको प्रभावकारिता र नागरिकको नजिक शासन पुऱ्याउनु हो। संघीय सरकारले नीति, कानुन र अन्तर्राष्ट्रिय दायित्व सम्हाल्नुपर्छ भने प्रदेश सरकारले क्षेत्रीय आवश्यकता अनुसार विकास र समन्वय गर्नुपर्छ । स्थानीय सरकार

नागरिकसँग प्रत्यक्ष जोडिने लोकतन्त्रको आधारस्तम्भ हो । तर अधिकार, स्रोत र जिम्मेवारीबीचको अस्पष्टताले संघीयताको अपेक्षित लाभ अझै पूर्ण रूपमा प्राप्त हुन सकेको छैन । स्पष्ट समन्वय, क्षमता विकास र जवाफदेहितामार्फत संघीयताको औचित्य स्थापित गर्नु पर्ने छ ।

अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ विगतमा जर्मनीमा नाजी उदय देखि श्रीलंकाको आर्थिक-राजनीतिक संकट, बंगलादेशको अस्थिरता–कमजोर संस्थागत संरचना र मानबअधिकारको उपेक्षाले लोकतन्त्रलाई संकटतर्फ धकेल्छ भन्ने ।

कोशी प्रदेश करिब ५० लाख जनसंख्या भएको, युवा जनसंख्या उच्च रहेको प्रदेश हो । तर रोजगारीको अभाव, असमान विकास कतिपय विकट भौगोलिक अवस्था र वैदेशिक रोजगारमा निर्भरता ठूलो चुनौती बनेको छ । स्थानीय स्तरमै रोजगारी, सीप विकास र सामाजिक सुरक्षामा लगानी व्यापक रुपमा नगरे वर्तमान असन्तुष्टि झनै गहिरिनेछ भन्ने हाम्रो ठम्याई छ ।

यसै प्रदेशमा विगत लामो समयदेखि बसी आइ रहेका भुटानी शरणार्थीहरूको समस्या मानवीय र कूटनीतिक संवेदनशीलता भएको विषय हो। दीर्घकालीन समाधानका लागि एक हदमा काम भएपनि समाधान हुन बाँकी समस्याको लागी नेपाल सरकारले संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय समुदायसँग सक्रिय, सन्तुलित र मानबअधिकारमैत्री कूटनीतिक पहल गर्नुपर्छ । जसमा प्रदेश सरकार मानव अधिकार कर्मी र राष्ट्रिय मानव अधिकार आयोगले समेत चासो राख्नु पर्ने आवश्यकता छ ।

निष्कर्षमा, लोकतन्त्र सुदृढ गर्न निष्पक्ष शासन, मानबअधिकारको सम्मान, प्रभावकारी संवैधानिक निकाय, स्वतन्त्र संसद, संघीय संरचनाको सुदृढीकरण चुस्त दुरुस्त प्रशासनिक संयन्त्र र सक्रिय नागरिक सहभागिता अपरिहार्य छन्। शक्ति सन्तुलन, जवाफदेहिता र मानवीय मूल्य कमजोर हुँदा आजको अवस्था सिर्जना भएको हो । यो भन्दा भयावह अवस्थाको कल्पना नगर्न मानव अधिकारको सम्मान अपरिहार्य छ ।

स्थान : कोशी प्रदेश, सुनसरी, इटहरी

प्रस्तुतकर्ता : मधुसूदन उपाध्याय